# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्याः २०७९/०८०

चलानी नं. :

मितिः २०७९/१२/२७

(प्रथम पटक प्रकाशित मितिः २०७९/१२/२७)

**आ.व.२०७९/०८० को लागि दानव र तिनाउ नदिका विभिन्न घाटबाट नदिजन्य पदार्थको उत्खनन् घाटगद्दी एवं बिक्री गर्ने कार्यको दरभाउपत्र/बोलपत्र आव्हान सम्वन्धि सूचना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क, ढुंगा, गिट्टी, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन कार्यविधि, २०७७, यस मायादेवी गाउँपालिकाको आर्थिक ऐन २०७८ को दफा ७ तथा मायादेवी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को परिच्छेद १२ र मायादेवी गाउँपालिकाको मिति २०७९/१२/२६ को निर्णय बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट IEE ले निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थको उत्खनन् एवं बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनी वा सप्लायर्सहरुले आफ्नो ईजाजत नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७८/७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी बोलपत्र/दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र. सं. | ठेक्का नं. | उत्खनन् गरिने नदी घाटको नाम | उत्खन्न गर्नुपर्ने परिमाण (घ.फि) | न्यूनतम कबोल अङ्क रु. (मू.अ.कर बाहेक) | धरौटी | बोलपत्र दस्तुर (रु.) | बोलपत्र खरिद अन्तिम मिति | बोलपत्र दाखिला मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/राजश्व/दानव/२०७९-८० | दक्षिण निबिहवा घाट | १५२,५५६ | १८,३०,६७२ | कबोल अंकको ५ प्रतिशतले हुने रकमको बैंक भौचर वा सो बराबरको ग्यारेण्टी | १,००० | २०८०/०१/११ | २०८०/०१/१२ |
| २ | २/राजश्व/दानव/२०७९-८० | मेडरहवा घाट | १२८,८२५ | १५,४५,९०० | | १,००० | २०८०/०१/११ | २०८०/०१/१२ |
| ३ | ३/राजश्व/तिनाउ/२०७९-८० | खजुरिया (क) घाट | ११०,१८० | १३,२२,१६० | | १,००० | २०८०/०१/११ | २०८०/०१/१२ |
| ४ | ४/राजश्व/दानव/२०७९-८० | उत्तर महदेवा घाट | ७०७,६०८ | ८४,९१,२९६ | | ३,००० | २०८०/०१/२६ | २०८०/०१/२७ |
| ५ | ५/राजश्व/दानव/२०७९-८० | दक्षिण महदेवा घाट | ४१३,१७४ | ४९,५८,०८८ | | ३,००० | २०८०/०१/२६ | २०८०/०१/२७ |
| ६ | ६/राजश्व/दानव/२०७९-८० | पथरहिया घाट | ५६१,९१६ | ६७,४२,९९२ | | ३,००० | २०८०/०१/२६ | २०८०/०१/२७ |
| ७ | ७/राजश्व/दानव/२०७९-८० | हरहरवा घाट | ३१५,२८३ | ३७,८३,३९६ | | ३,००० | २०८०/०१/२६ | २०८०/०१/२७ |
| ८ | ८/राजश्व/दानव/२०७९-८० | उत्तर निबिहवा घाट | ४१९,२४८ | ५०,३०,९७६ | | ३,००० | २०८०/०१/२६ | २०८०/०१/२७ |
| ९ | ९/राजश्व/दानव/२०७९-८० | रमावापुर घाट | ५५९,३७४ | ६७,१२,४८८ | | ३,००० | २०८०/०१/२६ | २०८०/०१/२७ |
| १० | १०/राजश्व/दानव/२०७९-८० | लुक्ठहवा घाट | ५२१,७४३ | ६२,६०,९१६ | | ३,००० | २०८०/०१/२६ | २०८०/०१/२७ |
| ११ | ११/राजश्व/तिनाउ/२०७९-८० | महुवारी घाट | १६९,५०७ | २०,३४,०८४ | | ३,००० | २०८०/०१/२६ | २०८०/०१/२७ |
| १२ | १२/राजश्व/तिनाउ/२०७९-८० | बैरिया घाट | २६२,७३६ | ३१,५२,८३२ | | ३,००० | २०८०/०१/२६ | २०८०/०१/२७ |
| १३ | १३/राजश्व/तिनाउ/२०७९-८० | गुरुवनिया घाट | ३११,८९३ | ३७,४२,७१६ | | ३,००० | २०८०/०१/२६ | २०८०/०१/२७ |
| १४ | १४/राजश्व/तिनाउ/२०७९-८० | खजुरिया (ख) घाट | २७४,६०२ | ३२,९५,२२४ | | ३,००० | २०८०/०१/२६ | २०८०/०१/२७ |
| १५ | १५/राजश्व/तिनाउ/२०७९-८० | गोनहीया घाट | ४३१,९०४ | ५१,८२,८४८ | | ३,००० | २०८०/०१/२६ | २०८०/०१/२७ |

प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्याः २०७९/०८०
चलानी नं. :

मितिः २०७९/१२/२७

**ठेक्का सम्बन्धी शर्तहरु:**

१. बोलपत्र/बोलपत्र खरिद क्र.सं. १-३ सम्म २०८०/०१/११ गतेसम्म तथा क्र.सं. ४-१५ सम्म २०८०/०१/२६ गतेसम्म कार्यालय समय भित्र मायादेवी गाउँकार्यपालिकाको कार्यालय, बरेवा, रुपन्देहीबाट खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु अन्तिम मितिको भोलिपल्ट अपरान्ह १२:०० बजे भित्र मायादेवी गाउँकार्यापालिकाको कार्यालय बरेवा, रुपन्देहीमा दर्ता गर्न सकिनेछ र दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु सम्बन्धित बोलपत्रदाता फर्मका प्रोपाईटर वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन विदा गरेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

२. फर्मको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम दस्तुर वापत को रकम प्राईम कमर्सियल बैङ्क, बेथरीमा मायादेवी गाउँपालिका कार्यालयको नाममा रहेको राजध खाता नं. ०६४००१५७CA मा ठेक्का नं. र बोलपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए बमोजिमको रकम दाखिला गरेको बैक भौचर पेश गरी बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्का नं., ठेक्का विवरण र नाम प्रष्ट बुझिने गरी लेखी बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै दर्ता गर्नुपर्नेछ । यस गाउँपालिकाको वेभसाइटबाट समेत www.mayadevimunrupandehi.gov.np बोलपत्रको सुचना हेर्न सकिनेछ ।

३. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई अधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी बापत यस मायादेवी गाउँपालिकाको कार्यलय, बरेवा, रुपन्देहीको नाममा रहेको प्राईम कर्मिसयल बैङ्क, बेथरी शाखाको ०६४००१६५CA धरौटी खातामा रकम जम्मा गरेको भौचर सक्कल प्रति वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंक बाट जारी गरिएको कम्तिमा १२० (एक सय बीस दिन) मान्य हुने बिडबण्डको सक्कल प्रति पेश गरेको हुनु पर्नेछ । शिलबन्दि बोलपत्रका साथ जमानत वापतको रकम नगद राखेमा मान्य नहुनुका साथै जमानत वापतको नगद रकम जफतसमेत गरिने छ।

४. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ७/१५ औं दिन दिनको २ बजे मायादेवी गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नेछन् । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५. बोलपत्र सम्बन्धी थप जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही फारामबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पत्र वा ईमेल वा फोनबाट पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकमको लागि नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा कम्तिमा २०८० साल कार्तिक मसान्त सम्मको म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स वन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंकको १३ प्रतिशत मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आयकर समेत यसै कार्यालयमा दाखिला गर्नु पर्नेछ । यस्तो रकम कार्यालयले आन्तरिक राजस्व कार्यालयमा दाखिला गरिदिनेछ ।

७. तोकिएको म्यादभित्र ठेक्का सम्झौता गर्न नआएमा वा लिन मञ्जुर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्रदातालाई प्राथमिकता दिई निजहरुलाई सूचना जारी गरी ठेक्का बन्दोबस्त गरिनेछ । यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने बोलपत्रदाताको धरौटी जफत गरिनेछ । जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको कबोल रकमको अन्तर वढी हुने भएमा सो अन्तर वरावरको रकम अघिल्लो क्रमको बोलकर्ताबाट सरकारी वाँकी सरह असूल उपर गरिनेछ ।

<u>उत्खनन् सम्बन्धि शर्तहरु</u>

१. ठेक्का स्वीकृत भएपछि गाउँपालिकाका प्रतिनिधि समेतको रोहवरमा प्राविधिकबाट उत्खनन् स्थलको चारैतर्फ सिमांकन गरिनेछ । सोही सिमाक्षेत्र भित्रबाट मात्र नदीजन्य पदार्थको उत्खनन् एवं संकलन गर्नुपर्नेछ ।

२. सामान्यतया नदीजन्य पदार्थको उत्खनन् स्थानीय जनशक्तिबाट हात, र हाते औजार जस्तै सावेल, हथौडा, कोदालो, गैति आदी लगायत प्रयोग गरि गर्नुपर्नेछ । मेशिनको प्रयोग गर्नुपर्ने भएमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ४(४) बमोजिम हुनेछ ।

३. उत्खनन् तथा संकलनका लागि साधन सहित नदी प्रवेश गर्दाका बखत तोकिए बमोजिमको प्रवेश आदेश लिएर मात्र प्रवेश गर्न सकिनेछ ।

४. बोलपत्रदाताले उत्खनन्, संकलन तथा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी, शौचालय, सुरक्षा, स्वास्थ्य र दुर्घटना बीमा आदीको प्रबन्ध मिलाउनुपर्नेछ ।

५. उत्खनन्को समय विहान ७ बजे देखि प्रारम्भ गरि साँझ ७ बजे सम्म मात्र गर्नुपर्नेछ ।

६. उत्खनन् गर्दा नदीको धारलाई असर नपार्ने गरि तथा सिँचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपार्नेगरि गर्नुपर्नेछ । उत्खनन् क्रममा काम नलाग्ने भनि छाडिएका मालबस्तुलाई जुन स्थानबाट निकालिएको हो सोही स्थलमामिलाएर राख्नुपर्नेछ ।

७. तोकिएको क्षेत्र बाहेक अन्यत्र स्थानबाट उत्खनन् गरेको पाईएमा वा सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन गरेको पाईएमा सोको परिमाण एकिन गरी ठेकेदारबाट दोव्वर राजश्व असुली गरिने छ ।

पत्र संख्या: २०७९/०८०
चलानी नं. :
मिति: २०७९/१२/२७

८. यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ र ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन कार्यविधि, २०७७, रकम र सरकारी ठेक्का व्यवस्था ऐन, २०२०, सार्वजनिक खरिद ऐन २०६४ तथा सार्वजनिक खरिद नियमावली २०६४ र यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिबेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

**घाटगद्दि सम्बन्धि शर्तहरु**

१. उत्खनन् एवं संकलन गरेको नदीजन्य पदार्थ उत्खनन् गरेको स्थलबाट ढुवानी गरि तोकिएको स्थानमा मात्र घाटगद्दि गर्नुपर्नेछ । घाटगद्दि गर्दा नापजाँच गर्न मिल्ने किसिमले चट्टा मिलाई गर्नुपर्नेछ । अव्यवस्थित तवरले घाटगद्दि गरेको, कारणले नाप लिन कठिनाई परेमा ठेकेदारले नाप लिन मिल्ने किसिमले चट्टा मिलाउनु पर्नेछ ।
२. उत्खनन् अवधिभर बिकी गर्न पाईनेछैन । घाटगद्दी स्थल सम्बन्धि विवरण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**घाटगद्दिबाट विकी वितरण तथा ओसार पसार सम्बन्धि शर्तहरु**

१. उत्खखन् कार्य समाप्त भएपछि सम्बन्धित ठेकेदारले नापजाँचको लागि गाउँपालिकामा अनुरोध गर्नुपर्नेछ ।
२. मायादेवी गाउँपालिकाले प्राविधिक खटाई घाटगद्दिमा रहेको मालको परिमाण एकीन गराउनुपर्नेछ ।
३. प्रतिनिधिहरुको रोहवरमा प्राविधिकले नापजाँच गरि प्रतिवेदन दिएपछि मात्र गाउँपालिकाले घाटगद्दिबाट बिक्री एवं ओसारपसार गर्न अनुमति दिईनेछ ।
४. ढुवानी गर्दा सवारी साधनको टाली/ढाला भन्दा माथि सम्म आउने गरि मालवस्तु भरेर बाटोमा खसाल्दै ढुवानी गर्न पाईने छैन । साथै टाली/ढाला राम्रोसंग बन्द गरि बाटोमा नखस्ने व्यवस्था मिलाउनु पर्नेछ ।
५. ढुवानी गर्ने सवारीले घाटगद्दी स्थलबाटै राम्रोसंग ढाकेर लैजानु पर्नेछ र सवारीको गति समेत ४० कि.मी. प्रति घण्टा भन्दा बढीमा हाक्न पाउने छैन । साथै ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।
६. नेपाल सरकारको निर्णय अनुसार नदीजन्य पदार्थ विदेश निकासी बन्द भएको हुंदा यस ठेक्का लिएको कारणबाट विदेश निकासी गर्न पाईने छैन ।

**अन्य शर्तहरु**

१. वातावरणमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै कार्य गर्न पाईनेछैन । साथै IEE प्रतिवेदनमा उल्लेखित शर्तहरु पुर्ण रुपमा पालना गर्नुपर्नेछ । साथै यस कार्यालयबाट समय समयमा दिएका निर्देशनहरु पालना गर्नु पर्नेछ ।
२. मूलबाटोबाट घाटतर्फ सवारी साधन प्रबेश हुने मार्गको नियमित मर्मत गर्ने कार्य ठेकेदारको तर्फबाट गर्नु पर्नेछ । सो वापतको खर्च रकम दावी गर्न पाईने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्याः २०७९/०८०
चलानी नं. :

मितिः २०७९/१२/२७

३. गाउँपालिका र ठेकेदार विच ठेक्का संचालन सम्बन्धि विवाद परि वा अन्य कुनै कारणबाट गाउँपालिकालाई तिर्नुपर्ने रकम बाँकी रही असुल उपर गर्नु परेमा वार्षिक १०% का दरले हर्जाना व्याज क्षतिपुर्ति र मुद्दा मामिला गर्दा हुने सम्पूर्ण खर्च समेत ठेकेदारबाट असुल उपर गरिनेछ ।

४. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बिकी आदेश रोक्का गरी बाँकी रहेको किस्ता असुल उपर गर्ने तर्फ आवश्यक कानूनी कारवाही गरिनेछ । असुल उपर गर्न बाँकी रहेको रकममा वार्षिक १०% थप क्षतिपुर्ति स्वरूप असुल गर्न सकिनेछ ।

५. बोलपत्र प्रकृयामा सहभागि हुन ईच्छुकले पहिल्यै उत्खनन् स्थलको अवलोकन गरी अवस्थाको सुनिश्चितता गरेर मात्र प्रकृयामा सहभागि हुनुपर्नेछ । कुनै द्विविधा भएमा Pre Bid Meeting मा विषय उठान गरि स्पष्ट हुन सकिनेछ तर बोलपत्र प्रकृयामा सहभागि भईसकेपछि कुनै प्रकारको विवाद गर्न पाईनेछैन । साथै कुनै परिमाण या गुणस्तरको कारणबाट घाटा भएको भनि कुनै प्रकारको मिन्हा वा छुट दावी वा अन्य स्थलबाट उत्खनन् गर्न मागदावी गर्न पाईने छैन ।

६. यस गाउँपालिकामा बक्यौता तिर्न बाँकी रहेका व्यक्ति वा फर्महरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म बोलपत्रमा भाग लिन पाउने छैनन् ।

७. यसमा उल्लेख भएको कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

.........................................
सुरेश भण्डारी
प्रमुख प्रशासकीय अधिकृत